Here is the ura

$100K सम्मको ऋण सुविधा

# अल्पसंख्यक व्यवसायको पुनर्उत्थान तथा वृद्धिको लागि कोश

अल्पसंख्यकअल्पसंख्यक व्यवसायको पुनर्उत्थान तथा वृद्धिको लागि कोश (MBRGLF) ले अल्पसंख्यकको स्वामित्वमा रहेका व्यवसायलाई बढीमा $100,000 ऋण प्रदान गर्छ । ती व्यवसायहरू यो ऋण कामदार भर्ना, तलव, मौज्दात, बिक्री तथा बजारीकरण, इ-कमर्स, भाडा, युटिलिटी, बीमा आदिमा खर्च गर्न सक्छन् ।




MBRGLF मा सहभागी टिना डेनियल्स, Concrete Rose Construction को मालिक

## आवेदनकको मापदण्ड:

- साना व्यवसाय प्रशासन (SBA) को परिभाषाअनुसार
- अल्पसंख्यकको स्वामित्त्व कम्तीमा 51% हुनु पर्ने
- कम्तीमा एक वर्षदेखि व्यवसाय चलाएको हुनु पर्ने
- 50 जनाभन्दा कम पूर्णकालीन कर्मचारी हुनु पर्ने
- व्यवसाय City of Pittsburgh मा अवस्थित हुनु पर्ने
- व्यक्तिगत र व्यवसायिक कर तिरेको हुनु पर्ने र URA सहितका अन्य व्यक्तिगत ऋणसम्बन्धी रेकर्ड राम्रो हुनु पर्ने

थप जानकारीका लागि lmorris@ura.org मा इमेल गर्नुहोस् वा 412.255.6622 मा टेलिफोन गर्नुहोस् ।

ura.org/pages/mbrglf मा गई अनलाइन आवेदन दिनुहोस् ।

## ऋणका सर्तहरू:

- बढीमा $100,000 ऋण लिन सकिन्छ ।
- पहिलो तीन महिना ब्याज दर 0% हुने छ र त्यसपछि 2% हुने छ ।
- ऋण अवधि 10 वर्षको हुने छ
- पहिलो वर्षको पहिलो तीन महिना ब्याज नतिर्नु पर्ने र बाँकी महिनाको व्याज तिर्नु पर्ने
- आवेदन शुल्क वा प्रशासन शुल्क वा अग्रिम भुक्तानी जरिवाना नलाग्ने

आवश्यक परेमा व्यवसायिक वा संस्थागत जमानत वा URA लाई उपयुक्त लागेका अन्य धितो माग्न सकिने छ ।

स्वतन्त्र स्वामित्वमा रहेका, स्थानीय स्वामित्वमा रहेका साना व्यवसाय र सामुदायिक विकास ब्लक अनुदान (CDBG) जनगणना ट्र्याकमा रहेका व्यवसायलाई प्राथमिकता दिइने छ ।